गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

# सामाजिक विकास कार्यालय

चामे, मनाङ

# महिला सहकारी संस्थाहरुलाई संस्थागत सुदृढिकरण अनुदानका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०।११।११

यस कार्यालयको चालु आर्थिक वर्ष २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम-**महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुलाई सुदृढिकरण अनुदान** कार्यक्रम **महिला, बालबालिका र समाजकल्याण तर्फका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८०** बमोजिम सञ्चालन गरी महिला सहकारीहरुको संस्थागत क्षमता अभिबृद्धि गर्ने उद्देश्य अनुसार सहकारी संस्थाहरुलाई सुदृढिकरण अनुदान स्वरुप संस्थागत सुधारका सामग्रीहरु (कम्प्यूटर, फर्निचर तथा फर्निसिङ आदी) उपलब्ध गराइने हुँदा महिला विकास कार्यक्रमद्वारा प्रबर्द्धित मनाङ जिल्लाका इच्छुक महिला सहकारी संस्थाहरुले मिति २०८०।११।२७ गते सम्म कार्यालय समयभित्र देहायका कागजातहरु संलग्न गरी यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

निवेदक संस्थाले पेश गर्नुपर्ने कागजातहरु :

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. संस्थाको नवीकरण पत्रको प्रतिलिपि,
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. आ.व. २०७९।८० को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
५. रितपूर्वकको माग निवेदन/प्रस्ताव (सामग्रीको नाम र लागत अनुमान समावेश गर्ने)
६. सञ्चालक समितिको सामग्री माग सम्बन्धी निर्णय,
७. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,
८. निवेदन/प्रस्ताव पेश गर्ने उपलब्ध ढाँचा बमोजिमका विवरणको पुष्ट्याईं हुने अन्य आवश्यक कागजातहरु ।

**पुनश्च :** निवेदन/प्रस्तावको मूल्याङ्कन वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८० को अनुसूची ११ बमोजिम गरिने हुँदा सो बमोजिमका कागजात समेत पेश गर्नुहुन अनुरोध छ । निवेदन/प्रस्तावको नमूना/ढाँचा कार्यालयको website: www.sdomanang.gandaki.gov.np बाट download गरी आवश्यक कागजात सहित कार्यालयको email ठेगाना sdomanang2078@gmail. com मा पठाउन या कार्यालयमा उपस्थित भएर पेश गर्न सकिनेछ । रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका निवेदन/प्रस्तावहरु दर्ता/मूल्याङ्कन गरिने छैन । बजेटको उपलब्धता र माग निवेदनको अवस्था हेरि आपसी समन्वयमा समाग्री उपलब्ध गराइने छ । कुनै विषयमा द्विविधा/अस्पष्टता भएमा कार्यालयको निर्णय नै अन्तिम निर्णय हुनेछ । थप जानकारीका लागि यस कार्यालयको सम्पर्क नं. ९८५६०२६१२८/९८४६०५७२८३ (सूचना अधिकारी/कार्यालय प्रमुख) मा सम्पर्क राख्नु हुन अनुरोध छ ।